नेपाल सरकार

श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय

**वैदेशिक रोजगारीवाट फर्की नेपालमा उद्यम गरेका उद्यमीलाई राष्ट्रिय पुरस्कारको लागि आवेदन दिने सम्बन्धी सूचना**

**प्रथम पटक प्रकाशन मितिः-** २०७६।१२।०२

वैदेशिक रोजगारीमा गई फर्किएर स्वदेशमा उद्यम गरी राष्ट्रिय उत्पादन र रोजगारीमा योगदान गरिरहेका उद्यमीहरुलाई उनीहरुको योगदानको कदरस्वरुप पुरस्कृत गरी स्वरोजगारीलाई प्रोत्साहन गर्ने उद्देश्यले प्रदान गरिने पुरस्कारका लागि देहाय वमोजिमको योग्यता पुगेका नेपाली नागरिकले **"विदेशमा काम गरी फर्केका उद्यमी राष्ट्रिय सम्मान तथा पुरस्कार व्यवस्थापन कार्यविधि, २०७६"** को अनुसूची २ अनुसारको ढाँचामा आवेदन भरी खामवन्दी गरी तपसिलमा उल्लेखित कागजात सहित यो सूचना प्रकाशित भएको मितिले २१ (एक्काईस) दिन (२०७६।१२।२३ गते) कार्यालय समय भित्र मन्त्रालयको रोजगार समन्वय तथा सूचना शाखामा दर्ता गराउन वा इमेल ठेगाना **info@moless.gov.np** मा पठाउनु हुन सूचित गरिन्छ। आवेदनको ढाँचा मन्त्रालयको wedsite **www.moless.gov.np** बाट download गर्न सकिनेछ।थप जानकारीको लागि moless.gov.np वा dofe.gov.np वा fepb.gov.np हेर्नुहुन र फोन नं. ०१-४२००४७६ मा सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ।

| **आवश्यक योग्यता** | **संलग्न गर्नुपर्ने कागजात** |
|---|---|
| १) नेपाली नागरिक<br>२) श्रमिक भिषामा विदेश गई कम्तिमा १ वर्ष काम गरी फर्किएको हुनुपर्ने<br>३) यसअघि मन्त्रालयवाट पुरस्कार प्राप्त नगरेको हुनुपर्ने | १) नेपाली नागरिकताको प्रमाणित प्रतिलिपि<br>२) श्रम स्वीकृतिको प्रतिलिपि<br>३) भिषा सहितको पासपोर्टको प्रतिलिपि<br>४) व्यवसाय दर्ता र नविकरण प्रमाणपत्रको प्रतिलिपि<br>५) कर दर्ता प्रमाणको प्रतिलिपि<br>६) आ.व.०७५।७६ को करचुक्ता प्रमाणपत्रको प्रतिलिपि<br>७) यसअघि पुरस्कार प्राप्त नगरेको स्वघोषणा |